# मार्मा गाउँपालिकाको
# आ.ब. २०७८/०७९ को लागि
# बजेट ब्यक्तब्य
# २०७८

जमन सिंह धामी
अध्यक्ष
मार्मा गाउँपालिका, दार्चुला
सुदूर पश्चिम प्रदेश
नेपाल

यस नवौ गाउँसभामा उपस्थित उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकिय अधिकृत ज्यू, वडा अध्यक्ष ज्यूहरु, गाउँसभाका सदस्य ज्यूहरु, मार्मा गाउँपालिकाका शाखा प्रमुख ज्यूहरु लगायत सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरु, शिक्षक तथा बुद्धीजिबी ज्युहरु पत्रकार मित्रहरु
उपस्थित महानुभावहरु,
मार्मा गाउँपालिकाको आर्थिक वर्ष २०७८।०७९ को बजेट साबर्जनिकिकरण समारोहमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका सम्पुर्ण उपस्थित महानुभावहरुमा मार्मा गाँउपालिका परिवार तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत व्यक्त गर्न चाहन्छु ।
विश्वव्यापी महामारीको रुपमा फैलिएको कोविड(१९) को कारण आज विश्व ठुलो विपत्तिको चपेटामा परेको छ । आजको दिन सम्म विश्वमा संक्रमित एवम मृत्यु हुनेको संख्या लाखौं नाघि सकेको अवस्थामा नेपालमा पनि दिन प्रतिदिन सक्रमितको संख्या वढ्दै गई रहेको अवस्था सर्व विदितै छ र यो संख्या अझै वढ्न सक्ने अनुमान बिज्ञहरुले गरेका छन्। कोभिड(१९) सक्रमणको प्रभाव लाई कम गर्न तथा नागरिकको स्वास्थ्य सुरक्षाका लागी सजकताका साथ सबैले हातेमालो गर्नु जरुरी छ र महामारि बिरुद्ध मार्मा गाउँपालिका हरदम प्रयास रथ रहेको बिदितै छ। यो महामारिबाट पर्न जाने प्रभाव न्युनिकरण गर्न तथा नागरिकको स्वास्थ्य रक्षाका खातिर सरोकारवाला निकायहरुसंगको समन्वयमा गाउँपालिका परिवार निरन्तर कार्य गरि रहेको अनुरोध गर्न चाहन्छु । यस प्रकारको प्रतिकुल परिस्थितिमा समन्वयात्मक एवंम सहयोगी भुमिका खेल्नु हुने माननीय संघीय तथा प्रदेश सभाका सदस्यज्यूहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, जनप्रतिनिधी ज्यूहरु, स्वास्थ्यकर्मि सुरक्षाकर्मि, शिक्षक तथा कर्मचारि मित्रहरु लगायत सम्पुर्ण संघसंस्था एवंम सुभेच्छुक महानुभावहरु प्रति धन्यवाद व्यक्त गर्दछु ।
मार्मा गाउँपालिका परिवार महामारीको रुपमा फैलिएको कोभिड -१९ महामारिका कारण ज्यान गुमाएकाहरु प्रति हार्दिक श्रद्धान्जली ब्यक्त गर्न चाहन्छौ साथै सक्रमितहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

स्थानीय सरकार नेपाली जनताको त्याग वलिदान र लामो संघर्ष पश्चात प्राप्त भएको हो। यस अवसरमा लोकतन्त्रीक गणतन्त्र प्राप्तीको लागी जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन लगायतका आन्दोलनका क्रममा आफ्नो अमुल्य जीवन बलिदान दिनु हुने सम्पुर्ण ज्ञात अज्ञात अमर शहिदहरु प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु साथै विभिन्न आन्दोलनका क्रममा घाइते वेपत्ता नागरिक प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु । जननिर्वाचित संविधानसभाबाट नेपाली जनताका प्रतिनिधिहरुमार्फत

जारी भएको संविधानका प्रावधानहरुलाई कार्यान्वयन गर्ने क्रममा र नवौ गाउँ सभाको नीति तथा कार्यक्रम कार्यान्वय गर्न यस गरिमामय सभामा पाँचौ पटक वजेट प्रस्तुत गर्न गईरहेको छु।

स्थानीय सरकारहरु गठन पश्चात हामी माझ एका तर्फ आन्तरिक आम्दानीका श्रोतहरुको अभाव रहेको छ भने अर्को तर्फ दक्ष जनशक्ति तथा स्रोत साधनको अभाव जस्ता कारणले अपेक्षित उपलब्धीहरु हासिल गर्न समस्या रहे पनि जनभावना अनुरुप उपलब्धी हासिल गर्न मार्मा गाउँपालिका निरन्तर लागी परेको छ । चालु आर्थिक बर्ष सम्म प्राप्त उपलब्धीहरुलाई थप मजबुद पार्दै आगामी बर्षमा लक्ष राखिएका योजना तथा कार्यक्रम कार्यान्वयन गर्न आ.ब. २०७८/७९ का लागी बजेट पेश गर्न गई रहेको छु।

बजेट निर्माणका क्रममा तपसिलका पक्षहरु ध्यान दिईएको छ।

- ☞ राज्यको निर्देशक सिद्धान्त, संघीय एवं प्रादेशिक आर्थीक नीति एवं मार्मा गाँउपालिकाको नीति तथा कार्यक्रम २०७८, आर्थिक ऐन २०७८, बिनियोजन ऐन २०७८ एवं गाँउसभाका सदस्यहरुको सुझावलाई समेटी यो बजेट निर्माण गर्न ध्यान पुऱ्याएको छु ।
- ☞ गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक विविधता तथा सांस्कृतिक पक्षहरु ।
- ☞ संघीय सरकारले अंगालेको "समृद्ध नेपाल सुखी नेपाली" भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शी, मेहनती र सहयोगी संयन्त्र सहितको परिचालन गर्ने ढाँचा।
- ☞ दिगो बिकासका लक्ष, १५ औ योजना र मध्यकालिन खर्च संरचनाको आकलन।
- ☞ गाँउपालिकाले संघीय एवं प्रदेश सरकारवाट प्राप्त गरेका वित्तिय समानिकरण, शसर्त अनुदान, राजश्व बाँडफाँड तथा मार्मा गाउँपालीकाको आन्तरिक श्रोत समेतलाई ध्यान दिई वजेट तर्जुमा गरेको छु ।
- ☞ बजेट निर्माण गर्दा कोभिड-१९ बाट नागरिक स्वास्थ्य सुरक्षा, उत्पादन र आर्थिक उपार्जन, रोजगारी श्रृजना , क्रमागत योजना सम्पन्नता, लक्षीत पुर्वाधार विकासका साथै आयआर्जन र उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने जस्ता पक्षलाई समेटेको छु।
- ☞ जनताको आकाँक्षा एवं जनप्रतिनिधिहरुको विकासको चाहाना पुरा गर्न मौजुदा कानुनी व्यवस्था परिधिमा रहि बजेट तर्जमा गरेको छु ।

उपस्थित महानुभावहरु,

आर्थीक वर्ष ७८/७९ को बजेटका उद्देश्यहरु निम्न रहेका छन ।

- ☞ संक्रामक लगायत सबै प्रकारका रोग र बिपद बाट जिवन रक्षा गर्दै जनजिवनलाई सहज र सुरक्षित बनाउनु ।
- ☞ उपलब्ध साधन, श्रोत अवसर र क्षमताको उच्चतम परिचालन गरि गाउँपालिकाको आर्थिक, सामाजिक, एवं पूर्वाधार विकासको सम्भावनालाई उजागर गर्ने,
- ☞ गाउँपालिकामा रहेको गरिबीलाई न्यूनीकरण गर्न तयार पारिएका रणनीतिक योजनाहरु, जलउपयोग गुरुयोजना, जीविकोपार्जन कार्यान्वयन योजना कार्यान्वयन गर्ने, समिक्षा गरि आवस्यक परिमार्जन गरि अगाडी बढ्ने |
- ☞ गाउँपालिकाको नीतिगत, संस्थागत सुधार, शैक्षिक तथा स्वास्थ्य क्षेत्र सुधार र भौतिक पूर्वाधार स्थापनालाई प्राथमिकताका साथ अगाडी बढाउने ।
- ☞ सुशासन प्रबर्द्धन गरी विकास आयोजना एवं कार्यक्रमहरुलाई नतिजा मुलक र उत्पादनमुलक बनाउने |
- ☞ सामाजिक आर्थिक रुपमा पछाडि परेको वर्गहरु एवं बेरोजगार युवाहरुलाई लाई स्वरोजगार सृजना गरी आत्म निर्भर तर्फ उन्मुख गराउने ।
- ☞ समाजमा पछाडी परेका र सिमान्तकृत बर्गहरुलाई विकासको मुल प्रभावमा समेटने।
- ☞ जबाबदेही, उत्तरदायी तथा पारदर्शी सयन्त्र सहितको योजना तथा कार्यक्रम कार्यान्वयनको सुनिश्चितता।

उपस्थित महानुभावहरु,

अव म आगामी आर्थिक वर्ष ०७८/०७९ को आय प्रक्षेपणको विवरण पेश गर्न चाहन्छु । राजश्व परामर्श समितिको प्रक्षेपण अनुसार आगामी आ.व. २०७८/०७९ मा गाउँपालिकाले आन्तरिक आम्दानी तर्फ कर, शुल्क, दस्तुर, बिक्रि लगायतका क्षेत्रबाट कुल ४५ लाख ९४ हजार आन्तरिक आय प्राप्त हुने अनुमान गरिएको छ,

आ.व. २०७८/७९ मा यस गाउँपालिकाको लागि संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने बित्तीय समानीकरण तथा राजश्व बाँडफाँड अनुदान देहाए वमोजिम रहेको छ ।

- संघीय वित्तिय समानिकरण अनुदान रु.१० करोड ९४ लाख,
- प्रदेश बित्तीय समानिकरण अनुदान रु. ७८ लाख १५ हजार,
- संघीय राजश्व वाँडफाँड बाफतको रु. ६.करोड ८३ लाख ८८ हजार,

- प्रदेश राजश्व बाँडफाँड बाफतको रु. ९ लाख ५७ हजार,
- अन्य समपुरक, बिशेष र सशर्त अनुदानको रुपमा रु. २२  करोड ०८ लाख ।

माथी उल्लेखीत संघीय सरकार एवं प्रदेश सरकारवाट प्राप्त शसर्त अनुदान, राजश्व बाँडफाँड, वित्तिय समानिकरण अनुदान तथा गाउँपालिकाको आन्तरिक आम्दानी समेतका आधारमा आर्थिक वर्ष २०७८/७९ को रु २८ करोड १६ लाख ६९ हजार चालु खर्च शिर्षक तथा १३  करोड ०२ लाख ७५  हजार पुँजीगत खर्च शिर्षक गरि **कुल बजेट रु. ४१,१९,५४,०००।- (एकचालीस करोड उन्नाइस लाख चौपन्न हजार)** रुपैया अनुमान गरिएको छ ।

उपस्थित महानुभावहरु,
अव म व्ययको अनुमान पस्तुत गर्न चाहन्छु ।
गाउँपालिकाको कुल विनियोजित बजेट रु. ४१ करोड १९ लाख ५४ हजार मध्ये चालु तर्फ रु २८ करोड १६ लाख ६९ हजार (६८ प्रतिशत) खर्च हुने अनुमान गरिएको छ भने पूजीगत खर्च तर्फको १३  करोड ०२ लाख ७५  हजार ( ३२ प्रतिशत) अनुमान गरिएकोछ ।

आर्थिक बर्ष २०७८/७९ को बजेट सारासं तपसिल अनुसार रहेको छ।

- ✓ घरधुरी स्तरमा पोषण सुधार, एक वडा एक बहुउद्धेशीय नर्सरी, पोलीहाउस भित्र तरकारि खेती, फलफुल खेती, कृषीमा यान्त्रीकरण, खुला क्षेत्र तरकारी खेती, चिउरी मुल्य श्रृखला क्रियाकलाप, आयआर्जन तथा कृषक क्षमता विकास, स्थानीय स्रोत ब्यक्ति तथा प्राबिधीक परिचालन तर्फ ग्रामीण जलश्रोत ब्यवस्थापन कार्यक्रमसंगको साझेदारीमा रु १ करोड ३ लाख ६५ हजार बिनियोजित गरेको छु।
- ✓ संघीय सरकारबाट प्राप्त प्रधानमन्त्री कृषी आधुनिकरण कार्यक्रम मार्फत कृषी क्षेत्रमा संचालन हुने क्रियाकलापहरुका लागी रु ३१ लाख बजेट प्राप्त भएको छ।
- ✓ पशु-पंक्षी क्षेत्रमा लिईएका नितिहरु कार्यान्वयन गर्न उपलब्ध बजेटबाट रु २५ लाख बिनियोजन गरेको छु।यसमा १० लाख संघीय बजेट समेत समेटिएको छ।
- ✓ महिला, बालबालिका तथा जेष्ठ नागरिकहरुको क्षमता विकास तथा पालिका क्षेत्रमा गरिने अभियानात्मक क्रियाकलापहरुका लागी रु ८ लाख बिनियोजन गरेको छ।

- ✓ बहुक्षेत्रीय पोषण कार्यक्रमका लागी रु ३२ लाख प्राप्त भएको छ।सो कार्यक्रम मार्फत पालिका क्षेत्रमा पोषण सम्वन्धी बिभिन्न क्रियाकलापहरु संचालन गरिने छन् ।उक्त कार्यक्रम तथा अन्य कार्यक्रमहरु मार्फत बिद्यालय सरसफाइ तथा पोषणका क्रियाकलापहरु संचालन गरिने छन्।
- ✓ गाउँपालिका न्यायिक समितिबाट सम्पादन गरिने क्रियाकलापहरुलाई थप ब्यवस्थित गर्न तथा वडा मेलमिलाप केन्द्र संचालन र ब्यवस्थापन गर्न रु ८ लाख बिनियोजन गरेको छ।
- ✓ गाउँपालिका क्षेत्र लक्ष लिईएका लघु उधम प्रवर्धन लगायत उक्त कार्यक्रम थप वडाहरुमा बिस्तार गर्न रु ३० लाख प्राप्त भएको छ।
- ✓ गाउँपालिका क्षेत्रमा पूर्ण सरसफाई क्षेत्र घोषणा गरि नमुना गाउँ निर्माणका लागी रु ८ लाख बिनियोजन गरेको छु।
- ✓ गाउँपालिका क्षेत्रमा तिन तारा बिद्यालय घोषणा तथा बिद्यालय क्षेत्रहरुको स्वच्छता प्रवर्धन गर्न ग्रामीण जलश्रोत ब्यवस्थापन परियोजनासंगको साझेदारीमा १४ लाख ४२ हजार बिनियोजन गरेको छु।
- ✓ गाउँपालिका क्षेत्रका जिर्ण खानेपानी योजनाहरु चुस्त दुरुस्त पार्ने नीति अनुरुप गाउँपालिका क्षेत्रका ९ वटा योजनाहरुमा मर्मत संभार, सेवास्तर बृद्धीका लागी र पानी सुरक्षा योजना कार्यान्वयन, पानी परिक्षण ल्याब लगायतमा ग्रामीण जलश्रोत ब्यवस्थापन परियोजनासंगको साझेदारीमा रु १ करोड २६ लाख १९ हजार बजेट बिनियोजन गरेको छु।
- ✓ कोभिड-१९ नियन्त्रण, खोप अभियान, स्वास्थ्यकर्मी परिचालन लगायत स्वास्थ्य क्षेत्रमा लिइएका नीति र प्रकोप ब्यवस्थापन कोष मार्फत कार्यान्वयन गरिने क्रियाकलापका लागी रु ५० लाख बिनियोजन गरेको छु।
- ✓ स्वास्थ्य क्षेत्र ब्यवस्थापन अन्तरगत पुर्बाधार निर्माण, क्षमता विकास, स्वास्थ्यकर्मी परिचालन र क्षमता विकास, बिशेषज्ञ स्वास्थ्य सेवा, यान्त्रिकिकरण, फ्रन्ट लाईन स्वस्थ्यकर्मी प्रोत्साहन, महिला स्वास्थ्य स्वंमसेविका परिचालन र प्रोत्साहन लगायतका लागी रु १ करोड ६० लाख बजेट बिनियोजन गरिएको छु।
- ✓ अध्यक्षसंग जेष्ठ नागरिक कार्यक्रम अन्तरगत घरभेट सहितको स्वास्थ्य परिक्षण तथा उपचारका लागी रु ३ लाख बजेट बिनियोजन गरेको छ।
- ✓ उपाध्यक्ष सफा आमा स्वच्छ शिशु कार्यक्रम तर्फ रु ४ लाख बिनियोजन गरेको छ।

- ✓ प्रधानमन्त्री रोजगार कार्यक्रम र अध्यक्ष स्वरोजगार कार्यक्रमको साझेदारीमा गाउँपालिका क्षेत्र भित्र रोजगारीको अवसर श्रजना गर्ने नीति अनुरुप रु २ करोड ५३ लाख २४ हजार बिनियोजन गरिएको छ। जस मध्ये रु २ करोड ३ लाख २४ हजार प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत प्राप्त हुने र रु ५० लाख अध्यक्ष स्वरोजगार कार्यक्रम अन्तरगत बिनियोजन गरेको छु।
- ✓ १० बर्षे जनयुद्धका क्रममा शहादत प्राप्त शहिद परिवारजनलाई सम्मान सहित प्रोत्साहनका लागी रु २ लाख बिनियोजन गरेको छु।
- ✓ शहिद छात्रबृती कोषमा रु ५ लाख बिनियोजन गरेको छु।सो कोष मार्फत दलित, बिपन्न तथा शहिद परिवारका बालबालिकाहरुलाई छात्रबृती प्रदान गरिने छ ।
- ✓ मार्मा गाउँपालिकाको खेलकुद क्षेत्रबाट पहिचान बढाउने र खेलाडी प्रोत्साहन गर्ने नीति अनुरुप रु ५ लाख बिनियोजन गरेको छ।
- ✓ जनतासंग प्रहरि साझेदारी कार्यक्रमका लागी रु १ लाख बिनियोजन गरेको छु साथै प्रहरी सुरक्षा पोष्ट निर्माणका लागी रु १ लाख बिनियोजन गरेको छु।
- ✓ बालबिकास सहजकर्ता परिचालन तथा बिद्यालय कर्मचारि परिचालन र प्रोत्साहनका लागी रु १० लाख २७ हजार बिनियोजन गरेको छ।
- ✓ शैक्षीक क्षेत्र सुधार कार्यक्रम अन्तरगत १ करोड ५४ लाख ७३ हजार बिनियोजन गरेको छु।
- ✓ पारीवगर-ताकु-घोल्जर हुँदै परमचुला धार्मीक स्थल सम्म पर्यटकीय मार्ग थप तिभ्र गतिमा संञ्चालन गर्न संघीय सरकारको १ करोड र गाउँपालिकाको समपुरक अनुदान ५० लाख गरि रु १ करोड ५० लाख बिनियोजन गरेको छ।
- ✓ लटिनाथ सार्सि बजानी दुनी हुदै बैतडी जोडने सडकका लागी संघ संगको साझेदारीमा रु ५० लाख बिनियोजन गरेको छ।
- ✓ लटिनाथ खेलमैदान निर्माणका लागी प्रदेश सरकारबाट रु २५ लाख र गाउँपालिकाको समपुरक अनुदान रु २५ लाख गरि ५० लाख बिनियोजन गरेको छु। मडबगर खेलग्रामका लागी समेत आवश्यक बजेट बिनियोजन गरेको छु।
- ✓ गुल्जर साँस्कृतिक तथा पर्यटन पुर्बाधार विकास कार्यक्रमका लागी संघीय सरकारबाट प्राप्त हुने बजेटमा थप गाउँपालिकाबाट रु ३० लाख बिनियोजन गरेको छु।
- ✓ गाउँपालिका प्रशासनिक भवनका लागी संघीय सरकारबाट प्राप्त हुने बजेटमा थप गाउँपालिकाबाट रु ५० लाख बिनियोजन गरेको छु।

- ✓ लटिनाथ क्याम्पस संचालनका लागी अनुदान स्वरुप रु १५ लाख बिनियोजन गरेको छु।
- ✓ लटिनाथ मा.बि. रस्कोटमा रु ५लाख अनुदान स्वरुप बिनियोजन गरेको छु।
- ✓ तपोवन मा.बि. पडपडामा रु १० लाख, दुर्गेश्वरी मा.बि. घोल्जरमा रु ६ लाख १-१२ कक्षा संचालन सहजिकरणका लागी बिनियोजन गरेको छु।

अन्तमा

बजेट निर्माणका क्रममा सहयोग गर्नु हुने मार्मा गाउँपालिका उपाध्यक्ष ज्यु, जनप्रतिनिधी ज्युहरु, प्रमुख प्रशासकिय अधिकृत ज्यु लगायत सम्पुर्ण राष्ट्रसेवक कर्मचारिहरु, राजनितिक दलहरु, लगायत बजेट निर्माणमा सुझाव प्रदान गर्ने सम्पुर्ण महानुभावहरु प्रति हृदय देखी आभार प्रकट गर्न चाहन्छु।बजेट कार्यान्वयनमा समेत यहाँहरुको सक्रिय सहभागीताको अपेक्षा गर्दछु।

**धन्यबाद**